# माहाकुलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**बुङ, सोलुखुम्बु**
**१ नं. प्रदेश, नेपाल**

## IT Officer सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७४/०९/१०)**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP), कार्यक्रम समन्वय इकाई, सिंहदरवार, काठमाण्डौंको प.स. ०७४/७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको सेवा करारमा लिने सम्बन्धी पत्रानुसार यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधीनमा रही **सूचना प्रविधि अधिकृत (IT Officer)** सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक उम्मेदवारले यस गाउँ कार्यपालिकाको कार्यालयमा रीतपुर्वक दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवेदन दिने अन्तिम मिति :-** यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र (सार्वजनिक विदा पर्न गएमा अन्तिम दिनको भोलीपल्ट समेत)

२. **शैक्षिक योग्यता :-** लोक सेवा आयोगद्धारा लिइने कम्प्युटर अधिकृत पदको न्युनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. IT, BSc.CSIT) को उपाधि हासिल गरेको ।

३. **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण** (TOR) : २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरीय निर्णयमा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा विस्तृत जानकारीको लागि **mofald.gov.np** मा गई कार्तिक २२ गतेको सूचना हेर्न सकिनेछ ।

४. **संलग्न गर्नुपर्ने कागजातहरु :-** व्यक्तिगत विवरण (Bio-Data), नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवका प्रमाणपत्रहरु ।

५. **आवेदन दिने तरिका :-** बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु एवं. बुँदा नं. ६ मा तोकिएको शुल्क राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, सल्लेरी, सोलुखुम्बु स्थित यस कार्यालयको नाममा रहेको मूल संचितकोष खाता नं. २०२०३०४०१८१०५ मा जम्मा गरी जम्मा भएको भौचर संलग्न राखी हुलाक, इमेल वा स्वयम् उपस्थित भई आवेदनदिने ।

६. **आवेदन शुल्क :-** रू. १०००/- (एक हजार रुपैयाँमात्र)

७. **उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :-**

| क.स. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव (सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात्) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

८. तलव स्केल: ४०,०००।- र थप दर्गम भत्ता रु. ७,५००।- हुनेछ ।

९. करार अवधि: २०७५ असार मसान्तसम्म हुनेछ ।

१०.थप जानकारीको लागि: ९८६२६८९९६१, mahakulung.rum@gmail.com

११.सूचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

...............................
**प्रमुख प्रशासकीय अधिकृत**
**लवुन राई**